# मुसिकोट राजपत्र

## मुसिकोट नगरपालिका द्वारा प्रकाशित

**खण्ड ९) मुसिकोट,गुल्मी, बैशाख २८ गते,२०८२ साल (संख्याः१**


# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## विशेष रुपमा उत्थानका लागि लक्षित वर्ग/समुदायका सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२

मुसिकोट नगर पालिका नगरकार्यापालिकाले बनाएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# विशेष रुपमा उत्थानका लागि लक्षित वर्ग/समुदायका सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावनाः

नेपालको संविधानले समानता, समावेशीता, सामाजिक न्याय तथा सशक्तिकरणको आधारमा मुलुकको सामाजिक रूपान्तरण सुनिश्चित हुने परिकल्पना गरेको छ। संविधानले उल्लेख गरेका आधारहरूमा स्थापित हुँदै, स्थानीय सरकारका रूपमा मुसिकोट नगरपालिका, गुल्मीले सामाजिक समावेशीता र न्याय प्रवर्द्धन गर्दै आएको छ ।

यस नगरपालिकाभित्र विविध सामाजिक पृष्ठभूमिका समुदायहरू रहेका छन्, जसमा महिला, दलित, आदिवासी-जनजाति, अपांगता भएका व्यक्ति,जेष्ठ नागरिक, बालबालिका, युवा, यौनिक अल्पसंख्यक, आर्थिक रुपमा विपन्न खस आर्य,अनौपचारिक क्षेत्रमा शारीरिक श्रमका काम गर्ने श्रमिक,एकल महिला/पुरुष तथा सामाजिक आर्थिक रुपमा पिछडिएको वर्गहरू र अल्पसंख्यकहरु प्रमुख रूपमा रहेका छन्। यी समुदायहरूलाई समाजको मुख्य धारमा ल्याई उनीहरूको समुचित विकास तथा प्रतिनिधित्व सुनिश्चित गर्न लक्षित वर्गको सशक्त सञ्जाल गठनको आवश्यकता देखिएकोमा लक्षित वर्ग सञ्जालको गठनले यी वर्गहरूबीच आपसी सहकार्य, जानकारीको आदान–प्रदान, क्षमता अभिवृद्धि र नीति निर्माण सँगै कार्यान्वयन प्रक्रियामा सशक्त सहभागिताको वातावरण सिर्जना गर्नेछ। सञ्जाल गठन मार्फत मुसिकोट नगरपालिकाले सामाजिक समावेशीताको प्रत्याभूति गर्दै सबै नागरिकका लागि समता र अवसरको सुनिश्चितता गर्न सक्ने र यस किसिमका सञ्जालहरुले स्थानीय सरकार र विकास साझेदार संस्थाहरूबीच पुलको रूपमा कार्य गर्दै लक्षित वर्गहरूलाई प्राथमिकताका आधारमा आवश्यक सेवा, जानकारी तथा अवसरहरूमा समेत पहुँच पुऱ्याउने भएको हुनाले मुसिकोट नगरपालिकामा विशेष रुपमा उत्थानका लागि लक्षित वर्ग/समुदाय सञ्जाल गठन,परिचालनको कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले मुसिकोट कार्यापालिकाको सामाजिक सुरक्षा तथा समाज

कल्याण सम्बन्धि व्यवस्था गर्न बनेको ऐन २०८०” को दफा १० मा भएको व्यवस्था अनुरुप नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "विशेष रुपमा उत्थानका लागि लक्षित वर्ग/समुदायका सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि मुसिकोट रात्रपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) “लक्षित वर्ग” भन्नाले आर्थिक एवम् सामाजिक रुपले पछाडी परेका कार्यविधिको दफा ४ बमोजिमका व्यक्ति वा समुदायलाई सम्झनु पर्छ ।

(ख) “सञ्जाल”भन्नाले आपसी सहकार्य, सूचना आदानप्रदान, र साझा उद्देश्य प्राप्तीको लागि लक्षित वर्ग समुदायको मुसिकोट नगरपालिका भित्र संगठित गरिएको समूह वा समितिलाई सम्झनु पर्छ ।

(ग) “परिषद्”भन्नाले दफा १२ बमोजिम गठन हुने लक्षित समुदाय समन्वय परिषद सम्झनु पर्छ ।

(घ) “अध्यक्ष”भन्नाले लक्षित समुदाय समन्वय परिषदको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) “सदस्य”भन्नाले लक्षित समुदाय समन्वय परिषदको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य–सचिवलाई समेत जनाउनेछ ।

च) “क्षेत्रगत सञ्जाल” भन्नाले दफा ४ बमोजिमका क्षेत्रसँग सम्बन्धित व्यक्तिहरुको नगरस्तरिय सञ्जाल सम्झनुपर्छ ।

छ) “वडास्तरिय सञ्जाल” भन्नाले दफा ४ बमोजिमका क्षेत्रसँग सम्बन्धित व्यक्तिहरुको वडास्तरिय सञ्जाल सम्झनुपर्छ ।

३. सञ्जाल गठनका उद्येश्यहरुः

क.लक्षित वर्गहरूबीच सहकार्य र एकता सुदृढ गर्ने।

ख.समान अवसर र पहुँच सुनिश्चित गर्ने।

ग.नीति निर्माण र योजना प्रक्रियामा लक्षित वर्गहरूको सहभागिता अभिवृद्धि गर्ने।

घ.नगरपालिकासँग समन्वय गरी लक्षित वर्गको अधिकार सुनिश्चित गर्ने।

ङ.भेदभावपूर्ण व्यवहार निराकरण गराई समानतापूर्ण व्यवहारका निम्ति सचेतना,जागरण,बहस पैरवी र सामुदायिक सशक्तिकरण सम्बन्धि विविध क्रियाकलाप संचालन गर्ने ।

च.नगरपालिका भित्र सञ्चालन हुने कार्यक्रम र गतिविधिमा तत् तत् समुदायको प्रतिनिधित्व गर्ने/गराउने ।

छ.पछाडी पारिएका वर्ग/समुदायको उत्थानका लागि आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

## परिच्छेद २
## क्षेत्रगत सञ्जाल र भूमिका

४. क्षेत्रगत सञ्जालःआर्थिक एवम् सामाजिक रुपले पछाडी परेका, विकासको मुलधारमा आउन नसकेका र निर्णय निर्माण प्रक्रियामा प्रतिनिधित्व हुन आवश्यक पर्ने देहाय बमोजिमका व्यक्ति तथा समुदायले क्षेत्रगत सञ्जाल गठन गर्न सक्नेछन् ।

(क) जेष्ठ नागरिक
(ख) आदिवासी,जनजाति र अल्पसंख्यक
(ग) महिला
(घ) दलित
(ङ) युवा
(च) असहाय एकल महिला/पुरुष
(छ) बालबालिका,
(ज) अपाङ्ता भएका,
(झ) आर्थिक,सामाजिक रुपमा पछाडी परेको वर्ग /समुदाय(विपन्न खस-आर्य लगायत),

(ञ) यौनिक अल्पसंख्यक,

(ट) अनौपचारिक क्षेत्रमा शारीरिक श्रमका काम गर्ने श्रमिकहरु

५. क्षेत्रगत सञ्जालको भूमिकाः दफा ४ बमोजिमका व्यक्ति तथा समुदायले यस कार्यविधि बमोजिम गठन गर्ने क्षेत्रगत सञ्जालको भूमिका देहाय बमोजिम हुनेछ ।

क. एउटै क्षेत्रमा कार्यरत विभिन्न संस्था र व्यक्तिबीच सहकार्य र समन्वय सुनिश्चित गर्ने।

ख.नीति, योजना, कार्यक्रम निर्माण तथा कार्यान्वयनमा सरोकारवालाबीच संवाद,संचार र अनुभव आदान प्रदान गर्ने ।

ग.लक्षित वर्गको आवश्यकता, समस्या वा अधिकारको विषयमा आवाज उठाउने र नीतिमा प्रभाव पार्ने।

घ.सदस्य संस्थाबीच सूचना, अनुभव र सिकाइ साझा गर्ने प्लेटफर्मको रूपमा काम गर्ने।

ङ.साझा कार्ययोजना बनाउने, कार्यान्वयनको सुपरिवेक्षण गर्ने र आवश्यक सुधारको सुझाव दिने।

च.सञ्जाल सदस्यहरूबीच उपलब्ध स्रोतहरू (मानव, आर्थिक, प्राविधिक) को समुचित परिचालन गर्ने।

छ.समाज सुधारका ठूला मुद्दाहरू उठाउने, जनचेतना फैलाउने र सरकारलाई दबाब दिन सक्ने सामूहिक शक्ति निर्माण गर्ने।

ज.सदस्य संस्थाको क्षमता वृद्धि, नीति अभिविन्यास, र संस्थागत संरचना स्थापित बनाउन टेवा पुऱ्याउने।

६.सामाजिक सुरक्षा तथा समाज कल्याण सम्बन्धि विशेष कार्यक्रमः

(१) लक्षित वर्ग तथा समुदायको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन देहायका विषयमा नगरपालिकाले सामाजिक सुरक्षा तथा समाज कल्याण सम्बन्धि विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेछः-

(क) बाल, वृद्ध,असहाय वा अपाङ्गता भएकाहरूको हित र कल्याण गर्न,

(ख) विकासका लागि जनसहभागिता,लैंगिक समावेशिता वृद्धि गर्ने, महिलाहरु र पछाडी पारिएका वर्ग/समुदायको हक हितको संरक्षण र संवर्द्धन गर्ने ।

(ग) बाल अपराध,बाल श्रम, लागू पदार्थ दुर्व्यसन वा अन्य कुलत तथा सामाजिक विकृतिबाट पीडित व्यक्तिहरुलाई मर्यादित र सम्मानित जीवन यापन तर्फ फर्काउन वा पुनर्स्थापित गर्ने,

(घ) बेरोजगार, गरीब वा अशिक्षित व्यक्तिहरुका लागि सम्मानित जीवन यापनको वातावरण बनाउन,

(ङ) पिछडिएको समुदाय वा वर्गको हितको निमित्त आवश्यक व्यवस्था गर्ने ।

(च) हिंसा,दुर्व्यवहार,द्वन्द,महामारी र प्राकृतिक प्रकोपबाट पिडितका लागि पुनर्स्थापना केन्द्र स्थापना गर्ने,

(छ) हरेक क्षण(दैनिक क्रियाकलापका लागि समेत) संरक्षक /हेरालु/सुसारे आवश्यक पर्ने अवस्थाका अति अशक्त अपाङ्गता भएकाहरु, एकल महिला वा पुरुषहरु, गम्भीर प्रकारको मानसिक रोगले विक्षिप्त बिरामी,वेवारिसे शिशु या अन्य उमेरका भईकन पनि संकटमा परेका वेवारिसे व्यक्तिको हेरचाहका लागि आवश्यकता अनुसार स्याहार सुसार तथा संरक्षण गर्ने व्यक्ति खटाउन वा संरक्षकलाई आर्थिक व्यवस्थापन गर्ने र आवश्यकता बमोजिम उपचार केन्द्र,पुनर्स्थापना केन्द्र वा सुधार केन्द्रमा पुऱ्याउन/राख्न,

(ज) अनाथ, असहाय,अपाङ्गता युक्त र जेष्ठ नागरिकहरुका लागि आश्रय स्थल र स्थायी प्रकारका आवास या आश्रम या मिलन केन्द्र निर्माण गर्ने ।

(झ) विपद,चरम गरिबी या अन्य कारणबाट घरवास विहिन अवस्थामा रहेका अत्यन्तै दयनीय अवस्थाका गरिवहरुलाई घर-आवास निर्माण तथा मर्मत कार्यमा सहयोग पुऱ्याउन,

(ञ) प्राविधिक धार तर्फ स्नातक र अन्य जुनसुकै विषयमा स्नातकोत्तर तहको प्रमाण - पत्र प्राप्त गरेर पनि बेरोजगार रहनु परेका र राज्यबाट सुविधा पनि नपाउने/सुविधाका अन्य श्रोत पनि नभएका अवस्थाका जनशक्ति (युवा बेरोजगार) लाई जीवन निर्वाह खर्च वा आर्थिक सहायता उपलब्ध गराउन,

(ट) फरक क्षमता भएका विद्यार्थीहरुका लागि विशेष शिक्षालय तथा सीप विकास केन्द्र संचालन  गर्ने,

(ठ) द्वन्द प्रभावित या हिंसा पीडित भई सहाराको खोजिमा रहेकाहरुका निम्ति उपचार केन्द्र,सुधार केन्द्र तथा पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने,

(ड) वीमा गरिदिन/वीमामा सहुलियतको व्यवस्था गर्ने ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले सञ्चालन गर्ने सामाजिक सुरक्षा तथा समाज कल्याण सम्बन्धि कार्यक्रममा क्षेत्रगत सञ्जालहरुले आवश्यक समन्वय र सहकार्य गर्नु पर्नेछ ।

परिच्छेद ३

क्षेत्रगत सञ्जाल गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार

७.क्षेत्रगत सञ्जाल गठनः (१) परिषद्ले दफा ४ बमोजिम नगरस्तरिय क्षेत्रगत सञ्जाल गठन गर्नका लागि सम्बन्धित क्षेत्रका व्यक्तिहरुको जानकारीका लागि सूचना प्रकाशन गर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सूचनाका आधारमा तोकिएको मिति भित्र दफा ४ बमोजिम सम्वन्धित क्षेत्रका व्यक्तिहरूको भेलाबाट कम्तिमा ५ देखि वढीमा १५ सदस्यीय नगरस्तरिय क्षेत्रगत सञ्जाल गठन गरी समितिका पदाधिकारीरुको नामावली सहित परिषद्मा पेश गर्नुपर्ने छ । समिति गठन गर्दा जिम्मेबार शाखाका कर्मचारीको रोहवरमा  सम्भव भएसम्म सवै वडाको प्रतिनिधित्व हुने र समानुपातिक समावेशिताको आधारमा गर्नुपर्ने छ ।

(३) क्षेत्रगत सञ्जाल गठन,परिचालन र समन्वयको लागि नगरकार्यपालिकाले प्रत्येक क्षेत्रगत सञ्जालको लागि एक जना संयोजक तोक्नेछ ।

(४) क्षेत्रगत सञ्जालको नियमित बैठक तथा कार्यक्रमहरुमा उपदफा (३) बमोजिमको संयोजकलाई अनिवार्य आमन्त्रण गर्नुपर्नेछ ।

(५) उपदफा (४) मा जेसुकै भनिएता पनि संयोजकको अनुपस्थितिले सञ्जालको बैठक तथा कार्यक्रम सञ्चालनमा बाधा पुगेको मानिने छैन ।

(६) उपदफा (२) बमोजिम गठन हुने सञ्जालहरुको बैठक तथा नियमित गतिविधि सञ्चालन सम्बन्धी कार्यविधि सञ्जाल आफैले तय गरे बमोजमि हुनेछ ।

८.वडास्तरिय सञ्जाल गठन सम्बन्धमा

(१)लक्षित वर्ग समुदायको उपस्थिति,उपलब्धता र आवश्यकता अनुसार नगरपालिकाका सबै वडा वा कुनै वडामा समेत वडास्तरिय सञ्जाल गठन गर्न सकिने छ ।

(२)वडास्तरिय सञ्जाल गठन गर्नु पूर्व नगरस्तरिय क्षेत्रगत सञ्जालले वडास्तरिय सञ्जाल गठन गर्ने सम्बन्धि निर्णय गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम वडास्तरिय सञ्जाल गठन गर्दा सम्वन्धित क्षेत्रका व्यक्तिहरूको भेलाबाट कम्तिमा ५ देखि वढीमा ९ सदस्यीय वडास्तरिय क्षेत्रगत सञ्जाल गठन गरी समितिका पदाधिकारीरुको नामावली सहित नगरस्तरिय क्षेत्रगत सञ्जालमा पेश गर्नुपर्ने छ । उक्त समिति गठन गर्दा सम्भव भएसम्म समावेशिताको आधारमा गर्नुपर्ने छ ।

(४) उपदफा (१) बमोजिम गठन हुने सञ्जालहरुको बैठक तथा नियमित गतिविधि सञ्चालन सम्बन्धी कार्यविधि सञ्जाल आफैले तय गरे बमोजमि हुनेछ ।

९.सञ्जालका पदाधिकारी/सदस्यहरू सञ्जालमा नरहने अवस्थाः (१) देहायको अवस्थामा सञ्जालका पदाधिकरी/सदस्यहरू सञ्जालमा रहन सक्ने छैनन्:

(क) नगरको नीति विपरित कार्य गरेमा ।

(ख) क्षेत्रगत सञ्जालको हक हित विपरित कार्य गरेमा ।

(ग) नैतिक पतन देखिने फौजदारी अभियोग प्रमाणित भएमा ।

(घ) राजिनामा दिएमा ।

(ङ) सञ्जालका कुनै सदस्यले पदीय आचरण नगरेको भनी सञ्जालको बैठकले निर्णय गरेमा । तर यसरी निर्णय गर्नु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) सञ्जालका सदस्यले वा अन्य पदाधिकारीले राजिनामा दिएमा अध्यक्षले स्वीकृत गर्नेछन् । अध्यक्षले संजालको बैठक मार्फत राजीनामा बुझाउने छन् ।

१०. क्षेत्रगत सञ्जालको काम, कर्तव्य र अधिकारः (१) क्षेत्रगत सञ्जालको काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछन्ः

क.लक्षित वर्गको पहिचान, अभिलेखीकरण, र वर्गीकरण गर्न नगरपालिकालाई सहयोग पुऱ्याउने।

ख.लक्षित वर्गका समस्या, आवश्यकता र सुझाव संकलन गरी नगरपालिकासमक्ष प्रस्तुत गर्ने।

ग.सशक्तिकरण तथा जागरूकता कार्यक्रम (तालिम, गोष्ठी, अभिमुखीकरण आदि) आयोजना गर्ने।

घ.नीति निर्माण, योजना तर्जुमा र बजेट निर्माण प्रक्रियामा लक्षित वर्गको आवाज समेट्न पहल गर्ने।

ङ.नगरपालिकाको विकास, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता सेवामा लक्षित वर्गको पहुँच सुनिश्चित गराउने।

च.लक्षित वर्गका व्यक्तिहरूबीच सहकार्य, एकता र नेटवर्क विस्तारमा सहयोग गर्ने।

छ.अन्य सरोकारवाला निकायहरू,संघसंस्थाहरु (NGO/INGO) सँग समन्वय र सहकार्य गर्ने।

ज.वार्षिक कार्ययोजना बनाउने,

झ.आफ्नो समुदायको हकहितको सुरक्षा र कल्याण तथा उत्थानका योजना/कार्यक्रम प्रस्तावना बनाई नगरपालिकामा पेश गर्ने

ञ.नगरपालिकाका नीति तथा कार्यक्रमहरूप्रति उत्तरदायी रहने।

ट.नगरस्तरीय सञ्जालका बैठकहरू नियमित रूपमा आयोजना गर्ने र निर्णयहरू कार्यान्वयन गराउने।

ठ.सदस्यहरूको प्रतिनिधित्व सुनिश्चित गर्दै समावेशी सञ्जाल संचालन गर्ने।

ड.कार्यक्रम/गतिविधि, गतिविधिबाट उत्पन्न नतिजा, सिकाइ तथा चुनौतीहरूको प्रतिवेदन तयार गर्ने।

ढ.नगरस्तरमा हुने योजना, बजेट र सामाजिक विकास सम्बन्धि संवादमा सक्रिय सहभागिता जनाउने।

११. सञ्जालको दर्ता तथा सञ्चालन सम्बन्धी प्रक्रियाः यस कार्यविधि बमोजिम गठन हुने नगरस्तरिय क्षेत्रगत सञ्जालहरु मुसिकोट नगरपालिकाको संस्था दर्ता ऐन बमोजिम दर्ता गरि सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद ३
## लक्षित समुदाय समन्वय परिषद्; परिषद् गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार

१२.लक्षित समुदाय समन्वय परिषदः (१)यस कार्यविधि बमोजिम नगरपालिका स्तरमा गठन हुने नगरस्तरिय क्षेत्रगत सञ्जाल र वडास्तरिय सञ्जालसँग आवश्यक समन्वय,सहकार्य गर्न र कार्यक्रम प्रवर्द्धनको लागि एक लक्षित समुदाय समन्वय परिषद गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजमि गठन हुने परिषदमा देहाय बमोजिम पदाधिकारी/सदस्य रहनेछन् ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उप प्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत– सदस्य

(घ) नगरपालिकाका विषयगत समितिका संयोजकहरु – सदस्य

(ङ) कम्तिमा एकजना महिला र एक जना दलित पर्ने गरी कार्यापालिका सदस्यहरू मध्येबाट कार्यापालिकाद्वारा सिफारिस तीन जना –सदस्य

(च) नगरपालिकामा क्रियाशिल लक्षित समुदायका नगरस्तरिय सञ्जालहरु मध्येबाट अध्यक्षले मनोनय गरेका ३ जना -सदस्य

छ) कार्यापालिकाद्वारा तोकिएका नगरस्तरिय क्षेत्रगत सञ्जालका संयोजकहरु- पदेन सदस्य

(ज) सामाजिक विकास समितिको सदस्य सचिव – सदस्य सचिव

(३) मनोनीत सदस्यहरूको पदावधि तिन वर्षको हुनेछ र निजहरु पुनः मनोनित हुन सक्नेछन् ।

(४) नगरकार्यपालिकाले परिषद्को कारण सहितको सिफारिसमा समितिका सदस्यहरु हेरफेर गर्न सक्नेछ ।

(५) परिषदको बैठक सम्बन्धी कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) लक्षित वर्ग समुदायको क्षेत्रमा महत्वपूर्ण कार्य गर्ने संघ संस्थाका व्यक्ति एवम् अभियन्तालाई परिषदको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(७) दफा (७) बमोजिम गठन हुने नगरस्तरिय क्षेत्रगत सञ्जाल र दफा (१२) बमोजिम गठन हुने परिषद्को पदावधि गठन भएको मितिले तीन वर्षको हुनेछ । तीन वर्ष पछि सोही प्रक्रियाबाट पुनः नयाँ सञ्जाल गठन हुनेछ ।

(८) परिषदले आफ्नो नियमित काम कारबाहीका लागि नगरकार्यापालिकाको कार्यालयमा एक सचिवालयको गठन गर्न सक्नेछ ।

९) उपदफा (८) बमोजिम गठन हुने सचिवालयमा महिला,बालबालिका तथा सामाजिक सुरक्षा शाखाको प्रमुखले सचिवालय कर्मचारीको रुपमा कार्य गर्नेछन् ।

१३. परिषदका मनोनित सदस्यहरु परिषदमा नरहने अवस्थाः (१) देहायको अवस्थामा परिषदका मनोनित सदस्यहरु परिषदमा रहन सक्ने छैनन्:

(क) परिषदको हक हित विपरित कार्य गरेमा ।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोग प्रमाणित भएमा ।

(ग) राजिनामा दिएमा ।

(घ) मनोनित कुनै सदस्यले पदीय आचरण पालना नगरेको भनी परिषदको बैठकले निर्णय गरेमा । तर यसरी निर्णय गर्नु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(२) परिषदका मनोनित सदस्यले राजिनामा दिएमा अध्यक्षले स्वीकृत गर्नेछन् ।

१४.लक्षित समुदाय समन्वय परिषदको काम, कर्तव्य र अधिकारःलक्षित समुदाय समन्वय परिषदको काम, कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछन्ः

क.सञ्जाल गठन, दर्ता तथा सञ्चालन सम्बन्धी नीतिहरूका विषयमा स्पष्ट मार्गनिर्देशन दिने।

ख.सञ्जाल गठन तथा पुनर्गठनमा प्राविधिक तथा व्यवस्थापकीय सहयोग पु¥याउने।

ग.वार्षिक योजना तथा बजेटमार्फत सञ्जालहरूलाई कार्यक्रम सञ्चालन गर्ने आर्थिक तथा भौतिक स्रोत उपलब्ध गराउने।

घ. सञ्जाल र अन्य सरोकारवाला (सरकारी निकाय, NGO/INGO, विकास साझेदार) बीच समन्वय गराउने।

ङ. सञ्जालको संस्थागत स्थायित्वका लागि नीति, तालिम, मार्गदर्शन र अनुगमन सहितका आवश्यक कार्य गर्ने।

च.नगरपालिकाको योजना निर्माण, कार्यान्वयन, अनुगमनमा सञ्जालको प्रतिनिधित्व बनाउने।

छ.सञ्जालको गतिविधि अनुगमन गर्ने र सिकाइ अभिलेखीकरण गर्ने व्यवस्था मिलाउने।

ज.सञ्जालबाट उठेका मुद्दाहरूलाई नीति निर्माण वा सुधार प्रक्रियामा सम्बोधन गर्ने।

राजपत्र

## परिच्छेद ३

## ८.स्रोत व्यवस्थापन

(१५) यस कार्यविधि बमोजिम गठन हुने नगरस्तरिय क्षेत्रगत सञ्जालले सञ्जाल परिचालनका लागि आवश्यक स्रोत आफै व्यवस्थापन गर्नु पर्नेछ ।

(१६) सञ्जालका पदाधिकारीहरूको भूमिका स्वयंसेवकीय हुनेछ ।

(१७) बैठक सञ्चालनका बखत नगरपालिकाको नियमानुसार चिया,खाजा/खाना र यातायात सुविधा उपलब्ध गराइनेछ ।

(१८)सञ्जाल मार्फत नगरपालिकाका कार्यक्रम गर्नु परेमा व्यवस्थापन खर्च तोकी उपलब्ध गराइनेछ ।

## परिच्छेद ४

## विविध

१९.बार्षिक प्रतिवेदनः नगरस्तरिय क्षेत्रगत सञ्जालले प्रत्येक वर्षको जेठ महिना भित्र आफ्ना गतिविधिहरु र भविष्यमा गरिनुपर्ने सुधारका लागि सुझाव सहितको वार्षिक प्रतिवेदन परिषद्मा पेश गर्नु पर्नेछ । परिषदले सवै क्षेत्रगत सञ्जालहरुको बार्षिक प्रतिवेदन अध्ययन गरि एकिकृत बार्षिक प्रतिवेदन बनाई कार्यापालिका समक्ष पेश गर्नुपर्नछ ।

२०.कार्यविधिको संसोधनः नगरकार्यपालिकाले यो कार्यविधिको आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

२१.बाधा अड्काउ फुकाउनेः यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा व्यवधान आइपरेमा नगरकार्यपालिकाले आवश्यक बाधा अड्काउ फुकाउन सक्नेछ ।

**प्रमाणिकरण मिति**
२०८२।०१।२६

**आज्ञाले,**
**चेतनाथ गिरी**
**प्रमुख प्रशासकीय अधिकृत**

**मूल्यरू २०**

मुसिकोट राजपत्र